# मनराशिसवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी
मधेश प्रदेश, नेपाल

प.सं. : २०८२।२०८३
च.नं. :

E-mail : info@manrashiswamun.gov.np
manrashiswamun.gov@gmail.com

**विषय :- सूचना । सूचना ।। सूचना ।।।**

(प्रथम पटक प्रकाशति मिति २०८३।०२।१३)

मनराशिसवा नगरपालिकाको आर्थिक बर्ष २०८२।०८३ को नगरसभाबाट स्वीकृत तपसिलको योजना उपभोक्ता समिति मार्फत सञ्चालन गर्न देहायको प्रावधान सहितको सात देखि एग्घार सदस्यीय एक उपभोक्ता समिति र अनुगमन तथा सहजीकरण समिति समेत आम उपभोक्ता भेलाबाट गठन गर्न आवश्यक भएकोले निम्न मिति, समय र स्थानमा उक्त आयोजनाबाट लाभान्वित हुने सबै वर्ग र समूह उपस्थित भई नियमानुसारको विवादरहित समिति गठन गर्न गराउन सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

निम्नः

१. मितिः २०८२।०२।१९ गते मंगलवार २. समयः- दिनको १२.०० बजे ।

३. उ.स.गठनका लागि भेला हुने स्थानः- श्री वडा नं.३ को वडा कार्यालय सोनौल , मनराशिसवा न.पा.-३

| सि .नं . | योजनाको नाम / स्थल | स्वीकृत रकम | जिम्मेबार पदाधिकारी / शाखा | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं.७ र ३ मा विभिन्न कूलो पैनी निर्माण तथा जिर्नोधर कार्य। | | कार्यपालिकासदस्य– श्रीरामनरेश रजक र योजना शाखा प्रमुख | |

<u>उपभोक्ता समिति गठन गर्दा पालन गर्नुपर्ने शर्तहरू</u>

१.उपभोक्ता समिति गठन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने समुदायको आम भेलाबाट सम्बन्धित आयोजनास्थलमै ७(सात) देखि ११(एग्घार) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेष्छ ।

२. उपभोक्ता समितिका सदस्यहरूले आफ्नो नागरिकता प्रमाण-पत्रको प्रतिलिपी र अटो साईजको फोटो २(दुई) प्रति पेश गर्नुपर्नेछ ।

३. उपभोक्ता समितिका सदस्यहरूमा कम्तिमा ३३% महिला हुनुपर्नेछ । समितिको अध्यक्ष सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला पदाधिकारी हुनुपर्नेछ ।

४. एक न्यक्ति एक भन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन् साथै एकासगोलका परिवारबाट एक जना मन्दा बढी न्यक्ति समितिको सदस्य हुन पाउनेछैन् ।

५. उपभोक्ता समितिमा राजनैतिक दलको कुनै पनि पदमा आसिन न्यक्ति सरकारी कर्मचारी शिक्षक, सरकारी पेश्की वा बेरुजु फर्छ्यौट नगरेका ब्यक्ति र फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन बर्ष ननाघेको र सरकारी सम्पत्ति हिनामिना गरेको व्यक्ति उपभोक्ता समितिको सदस्य हुनपाउने छैन् ।

६. उपभोक्ता समिति गठन गर्दा समावेशी हुने गरि गठन गर्नु पर्नेछ ।

७.उपभोक्ता समिति गठन गर्दा नियमानुसारको एक जना महिला सहित ३ सदस्यीय एक अनुगमन समिति समेत गठन गर्नुपर्नेछ ।

E-mail : info@manrashiswamun.gov.np
manrashiswamun.gov@gmail.com


प.सं. : २०८२।२०८३

च.नं. :

८. उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैंले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्माण ब्यवसायी वा अन्य व्यक्ति वा संस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन् ।

९.उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखत्तबाट संचालन गर्ने निर्णय भएको हुनु पर्नेछ ।

१०. उपभोक्ता समितिमा आबद्ध व्यक्तिहरू मध्ये अध्यक्ष, सचिव र कोषाध्यक्ष अनिवार्य रूपमा साक्षर तथा अन्य सामान्यतया साक्षर भएको हुनु पर्नेछ ।

११. उपभोक्ता समितिले कार्यालयले ब्यहोर्ने रकमको कम्तीमा १० प्रतिशत नगद वा जनश्रमदान वापत व्यहोर्नु पर्नेछ ।

१२.नगरपालिकाबाट स्वीकृत अन्य सबै शर्तहरुको पूर्णपालना गर्नुपर्ने छ ।

..............................

विजय नारायण ठाकुर

नि.प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत